# सुन्दरहरैंचा नगरपालिका
SUNDARHARAINCHA MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive

विराटचौक, मोरङ
Biratchowk, Morang
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

F/Y प.सं. २०८२/०८३
Ref/ च.नं.

मितिः २०८२/०८/११

**श्री सम्बन्धित फर्म/व्यवसायहरु**

सुन्दरहरैंचा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मोरङ, कोशी प्रदेश, नेपाल २०७३

**दररेट पेश गर्ने सम्बन्धी सूचना !**

प्रस्तुत विषयमा सुन्दरहरैंचा नगरपालिका सडक(मुख्य तथा सहायक) क्षेत्रमा राखिएका सिसिक्यामराहरूको मर्मत तथा व्यवस्थापन गर्न आवश्यक रहेको हुँदा उक्त कार्य गर्नका लागि यसै साथ संलग्न गरिएको कार्यक्षेत्रगत शर्त बमोजिमका कार्य गर्नुपर्ने भएको हुँदा स्विकृति प्राप्त गरेका इच्छुक सेवा प्रदायक रजिष्टर फर्म, कम्पनी तथा व्यवसायहरुले आफुले आपुर्ती गर्ने सेवाहरुको विवरण, जनशक्तीको प्रमाणप्रत्र साथै फर्म/कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र मुल्य अभिवृद्धि करमा दर्ता हुन नपर्नेको हकमा सोको आधिकारीक कागजातको प्रमाणित, करचुक्ता प्रमाणपत्र, ISP बाहेक अरुको हकमा ISP सँगको सम्झौता पत्र र निवेदन संलग्न गरी के कति दररेटमा कार्य गर्न सकिने हो ? कुल रकममा रु.४,०८,२४०/- नबढ्ने गरी पाचँ दिन भित्रमा सूचिकृत भएका वा सूचीकृत भई सेवा दिन चाहेका फर्म/व्यवसायले दररेट पेश गर्नका लागि अनुरोध छ ।

नोटः क्यामेरा अनलाइन गर्न चाहिने bandwidth नगर कार्यपालिकाको कार्यालयले प्रदान गर्नेछ ।

..........................................
सागर भण्डारी
सूचना प्रविधि अधिकृत

F/Y प.सं. २०८२/०८३

Ref/ च.नं.

**सिसि क्यामरा मर्मत तथा सञ्चालन सेवाका लागि सेवा प्रदायक छनौटका लागि**

**कार्यक्षेत्रगत शर्त (Terms of Reference – TOR)**

**१. पृष्ठभूमि(Background) :**

सुन्दरहरैंचा नगरपालिका, नगरकार्यपालिकाको कार्यालयले नगरक्षेत्रका सार्वजनिक स्थानहरूमा सुरक्षाको स्तर अभिवृद्धि गर्न सिसी क्यामरा जडान गरी आधुनिक अनुगमन प्रणालीको व्यवस्था गरेको छ। यस प्रविधिबाट अपराध नियन्त्रण, जनसुरक्षा सुनिश्चितता तथा सार्वजनिक सम्पत्तिको संरक्षणमा महत्वपूर्ण सहयोग प्राप्त हुँदै आएको छ। यस अघि सिमित समयका लागि निशुल्क रुपमा CCTV व्यवस्थापनको कार्य भईरहेकोमा यस्ता प्रणालीलाई निरन्तररूपमा प्रभावकारी राख्न नियमित मर्मत–सम्भार तथा प्रणालीगत जाँच अनिवार्य हुन्छ।
तर, हाल यस नगरपालिकामा आवश्यक प्राविधिक जनशक्ति र उपकरणको अभाव रहेकाले क्यामरा सञ्चालन तथा मर्मतसम्भारका कार्यहरू सेवा प्रदायक कम्पनीमार्फत सञ्चालन गर्न आवश्यक देखिएको छ। यसका माध्यमबाट प्रणालीको निरन्तरता, गुणस्तर र समयमै समस्या समाधान सुनिश्चित हुने अपेक्षा गरिएको छ।

**२. उद्देश्य (Objective):**

नगरपालिका अन्तर्गत रहेका सिसि क्यामरा प्रणालीको नियमित मर्मत, अनुगमन तथा आवश्यक परेको अवस्थामा सुधार तथा प्रतिस्थापन सुनिश्चित गर्न दक्ष र अनुभवी सेवा प्रदायक छनौट गर्नु।

**३. कार्यको दायरा (Scope of Work):**

छनौट गरिने सेवा प्रदायकले निम्न कार्यहरू गर्नुपर्नेछः

**३.१ नियमित मर्मत तथा अनुगमन कार्यः**

- मासिक रूपमा सुन्दरहरैंचा नगरपालिका क्षेत्र भित्रका मुख्य तथा सहायक सडकमा भएका सिसिक्यामरा, इलेक्ट्रिकल सामाग्री, फाइवर, NVR, adapter, नेटवर्क उपकरणहरूको परीक्षण, मर्मत तथा निरीक्षण।
- प्रणाली सञ्चालनको अवस्था जाँच गरी आवश्यक सुधार कार्य।
- सिस्टम सफ्टवेयर तथा फर्मवियर अपडेट।
- Network monitoring and bandwidth balancing.

**३.२ आपतकालीन मर्मत कार्यः**

- प्रणाली अवरुद्ध भएको खण्डमा १२– २४ घण्टाभित्र सुधार सेवा उपलब्ध गराउने।
- आकस्मिक बिग्रिएको उपकरण मर्मत वा प्रतिस्थापन।

**३.३ सुरक्षा र गोपनीयताः**

- रेकर्डेड डेटा र प्रणालीको पहुँचलाई गोप्य राख्ने।

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

- नगरपालिका वा कानुनी निकायको अनुमति बिना कुनै जानकारी तेस्रो पक्षलाई नदिने।

४. सेवा अवधिः

- प्रारम्भिक रुपमा सेवा अवधि १२ महिनाको हुनेछ।
- कार्य सन्तोषजनक भएमा थप १ वर्षको लागि सम्झौता नवीकरण गर्न सकिनेछ।

५. सेवा दिने स्थानः

- सुन्दरहरैंचा नगरपालिकाभित्र रहेका सबै सार्वजनिक स्थान, कार्यालय, सडक, चोक, पार्क, बसपार्क लगायत सिसि क्यामरा जडान भएका क्षेत्रहरू। जसमा क्यामेरा संख्या ४० वा बढी र क्यामेरा जक्सन ३० वा बढी हुनेछ ।

६. छनौट प्रक्रिया (Selection Criteria): सारभुत रूपमा प्रभावग्राही भएमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ बमोजिम ।

७. सेवा प्रदायकको जिम्मेवारीहरू:

- तोकिएको अवधिमा नियमित मर्मत कार्य सम्पन्न गर्ने।
- आकस्मिक बिग्रिएका प्रणाली तुरुन्त सञ्चालनमा ल्याउने।
- सामग्री तथा उपकरणको गुणस्तरमा सम्झौतारहित सेवा दिनु।
- नगरपालिकाको निर्देशन अनुसार सहयोग तथा समन्वय गर्ने।
- CCTV technician, CCTV helper, Fiber technician, Network administrator सहितको टोली नगरपालिकालाई आवश्यक परेको खण्डमा उपस्थित हुनुपर्नेछ ।

८. पालिकाको जिम्मेवारीः

- आवश्यक बजेट तथा प्राविधिक अनुमोदन प्रदान गर्ने।
- सेवा प्रदायकसँग समन्वय गर्न सम्बन्धित कर्मचारी तोक्ने।
- मासिक कार्यको अनुगमन र मूल्याङ्कन गर्ने।

९. भुक्तानी व्यवस्थाः

- अर्धवार्षिक रूपमा विल भरपाईका साथ कार्य प्रतिवेदन पेश गरी भुक्तानी गर्ने ।
- विशेष मर्मत वा उपकरण प्रतिस्थापनको खर्च नगरपालिकासँग पूर्व स्वीकृतिमा आधारित हुने।

१०. अन्य शर्तहरू:

- सम्झौता अवधि समाप्ति वा कार्य असन्तोषजनक भएको अवस्थामा पालिकाले सम्झौता रद्द गर्न सक्नेछ।
- सेवा प्रदायकले आफ्नो जिम्मेवारी पूरा नगरेमा क्षतिपूर्ति तथा कानुनी प्रक्रिया अघि बढाउन सकिनेछ।

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत